लुम्बिनी प्रदेश सरकार
वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय
तानसेन,पाल्पा

च.नं.१७८५
प.सं. ०८०।८१

मिति: २०८१।०१।१०

**बिषय : सूचना टाँस तथा आवश्यक प्रचार प्रसार सम्बन्धमा ।**

श्री जिल्ला समन्वय समितीको कार्यालय, पाल्पा ।
श्री तानसेन र रामपूर नगरपालिका/बगनाशकाली/रिब्दीकोट/रैनादेबी
छहरा/तिनाउँ/माथागढी/पूर्बखोला/रम्भा/निस्दी गाउँपालिका, पाल्पा ।

उपरोक्त सम्बन्धमा आ.व. ०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार एक पकेट क्षेत्र, एक जडिबुटी खेती बिस्तारमा कृषकलाई निःशुल्क बिरुवा, ढुवानी, मलखाद र रोपणमा सहुलियत कार्यक्रम अन्तरगत अनुदान सहित जडिबुटी (तेजपात) बिरुवा रोपणको लागि कृषकहरुलाई अनुदान सहयोग उपलब्ध गराउने सम्बन्धि यस कार्यालयबाट मिति ०८१/०१/१० मा प्रकाशित सूचना यसैसाथ संलग्न राखि पठाईएको छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरि यस कार्यालयमा जानकारी पठाई दिनु हुनको साथै कृषक एवं उपभोक्ताहरुलाई आवश्यक प्रचार प्रसार गरि जडिबुटी बिरुवा रोपण एवं खेती बिस्तार कार्यमा सहयोग गरिदिनु हुन अनुरोध छ ।

०८१।०१।१०
(रामचन्द्र लामा)
बरिष्ठ वन अधिकृत
योजना शाखा
बरिष्ठ वन अधिकृत (आठौं)

बोधार्थ :

**श्री तानसेन/रिब्दीकोट/रैनादेबी छहरा/माथागढी/रम्भा/रामपूर/निस्दी/तिनाउँ सब डिभिजन वन कार्यालय, पाल्पा** : प्रकाशित सूचना सब डिभिजनमा टाँस गरी जानकारी पठाउनु हुन र उक्त सूचना बमोजिम आवश्यक प्रचार प्रसार गरि कार्यक्रममा सहभागी हुनको लागि सम्बन्धित वन उपभोक्ता समूहहरु मार्फत कृषकहरुलाई सहजीकरण गरिदिनु हुनको साथै सब डिभिजनमा पेश भएका माग निवेदन एवं कागजातहरु सिफारिस साथ यस कार्यालयमा पेश गर्नुहुन ।

# डिभिजन वन कार्यालय, पाल्पा

(प्रथम पटक प्रकाशित मिति : ०८१/०१/१०)

**एक पकेट क्षेत्र एक जडबुटी खेती बिस्तारमा कृषकलाई नि:शुल्क बिरुवा, ढुवानी, मलखाद र रोपणमा सहुलियत निवेदन पेश गर्ने सम्बन्धि सूचना**

श्री डिभिजन वन कार्यालय, पाल्पाको आ.व. ०८०/८१ को प्रदेश सरकार तर्फ स्वीकृत बार्षिक कार्यक्रम अन्तरगत जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावार विकास कार्यक्रम तर्फको स्विकृत बार्षिक कार्यक्रम अनुसार **एक पकेट क्षेत्र एक जडबुटी खेती बिस्तारमा कृषकलाई नि:शुल्क बिरुवा, ढुवानी, मलखाद र रोपणमा सहुलियत कार्यक्रम** अन्तरगत नि:शुल्क बिरुवा, ढुवानी, खाडल तयारी, मलखाद ब्यबस्थापन एवं बिरुवा रोपण कार्यक्रममा सहभागी हुन ईच्छुक सामुदायिक तथा कबुलियती वन उपभोक्ता समूहमा आवद्ध उपभोक्ताहरु, सहकारी एवं निजी कृषकहरुले तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही निजी जग्गामा जडिबुटी खेती बिस्तार कार्यक्रममा सहभागी हुनको लागि २०८१ बैशाख मसान्त भित्र डिभिजन वन कार्यालय, पाल्पामा आईपुग्ने गरि निवेदन सहित आवश्यक कागजातहरु पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

- निजी जग्गामा ब्यबसायिक रुपमा निजी जग्गामा जडिबुटी (तेजपात) रोपण गरी पकेट क्षेत्रको रुपमा विकास गर्न चाहने वन समूह, सहकारीमा आवद्ध उपभोक्ताहरु यस कार्यक्रममा सहभागी हुन सक्ने छन् ।
- जडिबुटी रोपण गर्ने पकेट क्षेत्रका कृषकहरुले एकजनाले कम्तिमा ५० गोटा जडिबुटीको बिरुवा रोपण गर्नुपर्नेछ ।
- एउटा पकेट क्षेत्रमा कम्तिमा २० घरधुरी भन्दा बढी कृषकहरुले ब्यबसायिक रुपमा जडिबुटी बिरुवा रोपण गर्ने भएमा मात्र अनुदान कार्यक्रममा सहभागी गराईनेछ ।
- प्राबिधिकले तोके बमोजिमको साईजको खाडल तयारी, मलखादको प्रयोग, बिरुवा ढुवानी र रोपण कार्यको लागि स्वीकृत लागत अनुमानको आधारमा बढीमा प्रति बिरुवा रु. २४/- सम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ ।
- निवेदन साथ जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी, नागरिकताको प्रतिलिपी, आ.व. ०७९/८० को मालपोत तिरेको रसिदको प्रतिलिपी सहित सम्बन्धित कृषकहरु आवद्ध भएको सामुदायिक तथा कबुलियती वन समूहको समन्वयमा वडा कार्यालयको सिफारिस सहित डिभिजन वन कार्यालय, पाल्पा वा सम्बन्धित सब डिभिजन वन कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।
- सब डिभिजन वन कार्यालयबाट कृषकहरुको एकमुष्ट विवरण तयार गरि डिभिजन वन कार्यालयमा पेश भए पश्चात अनुदान कार्यक्रमको लागि समूह एवं कृषकहरु छनौट गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- अनुदान सहयोग रकम उपलब्ध गराउँदा कार्य सम्पन्न पश्चात सम्बन्धित कृषकहरु आवद्ध भएको सामुदायिक तथा कबुलियती वन समूह एवं सहकारीको बैंकखाता मार्फत उपलब्ध गराईनेछ ।
- बिरुवा रोपण गर्दा अनिवार्य रुपमा प्राबिधिकको उपस्थितीमा गर्नुपर्नेछ । खाडलको नापसाईज पुरा नगरेमा, तोकिए बमोजिम पाकेको कम्पोष्ट मल प्रयोग नगरेमा वा प्राबिधिक रुपमा उपयुक्त हिसावले बिरुवा रोपण नगरेमा अनुदान सहयोग उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन ।
- रोपण गरिएका बिरुवाहरुमा आवश्यकता अनुसार मलजल, गोडमेल र स्याहार सम्भार गरि बिरुवा हुर्काउने प्रतिवद्धता निवेदनमा नै उल्लेख गर्नुपर्नेछ । बिरुवा संरक्षण गरि हुर्काउने सम्पूर्ण दायित्व सम्बन्धित कृषकको नै हुनेछ ।
- निवेदन एवं कागजातहरु पेश गर्नको लागि डिभिजन वन कार्यालय (तानसेन), तानसेन सब डिभिजन वन कार्यालय ( तानसेन), रिब्दीकोट सब डिभिजन वन कार्यालय (हार्थोक), रैनादेबी छहरा सब डिभिजन वन कार्यालय (बल्ढेङ्गगढी), तिनाउ सब डिभिजन वन कार्यालय (दोभान), रामपूर सब डिभिजन वन कार्यालय (रामपूर), माथागढी सब डिभिजन वन कार्यालय (झडेवा), रम्भा सब डिभिजन वन कार्यालय (ताहुँ) र निस्दी सब डिभिजन वन कार्यालय (मित्याल) पाल्पामा सम्पर्क गर्न सकिनेछ ।
- म्याद नाघी प्राप्त निवेदन उपर कारवाही हुनेछैन । प्राप्त निवेदनहरु अध्ययन गरी स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

**बिस्तृत जानकारीको लागि,**
**डिभिजन वन कार्यालय, तानसेन, पाल्पा ०७५-५२०००२**

नारायणदेव भट्टराई
डिभिजनल वन अधिकृत